# जागरण नेपाल इ-बुलेटिन

महिला अधिकार, शान्ति र सुशासनका लागि जागरण नेपाल




१२६औं अङ्क

# नेपालमा लैङ्गिक हिंसाको अवस्थाः एक विश्लेषणप

## पृष्ठभूमि

व्यक्तिगत वा सामाजिक जीवनमा बलपूर्वक स्वतन्त्रताको हनन् गरिन्छ भने त्यो हिंसा हो । हिंसा एक समुदाय बाट अर्को समुदाय, एक लिङ्ग बाट अर्को लिङ्ग, एक जात बाट अर्को जात, धनी बाट गरिव बीच प्राय हुने गरेका छन् । तर नेपालमा यी अन्य प्रकारका हिंसा भन्दा व्यापक रुपमा रहेको महिला विरुद्ध हुने हिंसा एक्काइसौ सताब्धीमा आइपुग्दा फरक प्रकृति र स्वरुपमा अझ मौलाएको देखिन्छ । यसले महिलाहरुको जीवन, उनीहरुको परिवार र सम्पूर्ण समाज माथि नै नकारात्मक असर परिरहेको छ । महिलाको जात, वर्ग, संस्कृति, लैङ्गिक पहिचान, गरिबी तथा पछाडि पारिएको वर्ग यसबाट बढी प्रभावित रहेका छन् विशेषगरी समाजमा विद्यमान सामाजिक, आर्थिक, संस्कृतिक तथा राजनीतिक मूल्य मान्यताका कारण नेपाली समाजले महिलालाई हेर्ने दृष्टिकोणमा केही मात्रामा परिवर्तन भएतापनि पूर्णरुपमा अझै हुन सकेको छैन ।

महिला हिंसा के हो भन्ने सम्वन्धमा संयुक्त राष्ट्रसंघीय महासभाले महिला विरुद्धको हिंसा सम्वन्धी कुनै पनि कार्य अथवा यस्तै किसिमका शारीरिक, यौनिक अथवा मानसिक रुपमा महिलाहरुलाई शोषण गरिनुका साथै व्यक्तिगत तथा सार्वजनिक रुपमा महिलाहरु माथि चुनौतीपूर्ण अर्थात स्वतन्त्रताबाट बञ्चित हुने किसिमका अनियमित तथा दवावमूलक कार्य गरिन्छ भने त्यसलाई महिला हिंसाको रुपमा लिइन्छ भनी उल्लेख गरेको छ ।

नेपाली समाजमा महिला वा पुरुष भएकै कारण लिङ्गको आधारमा विभिन्न किसिमका हिंसा/विभेदहरु हुने गरेका छन् यो एउटा सामाजिक अपराध हो । हाम्रो जस्तो पितृसतात्मक समाजमा महिलाहरु विभिन्न किसिमका जघन्य अपराध सहेर पनि आफुमाथि हिंसा भएको भन्न डराउँछन् । आफुमाथि भएका हिंसाका घटना बाहिर ल्याउदा आफुलाई थप जोखिम हुने हुनाले पनि महिलाहरु यस्ता घटना बाहिर ल्याउन चाहदैनन् र बाहिर आयो भने पनि राजनीतिक/सामाजिक/आर्थिक तथा अन्य शक्तिको आडमा त्यसको सुनुवाइमा असर परेको पाइन्छ ।

## नेपालमा लैङ्गिक हिंसाका स्वरुपहरु

लैङ्गिक हिंसाका स्वरुप र प्रकृतिका आधारमा हिंसा विभिन्न प्रकारका रहेका पाइन्छन् । बलात्कार, सामाजिक हिंसा, घरायसी हिंसा र बेचविखन, यौनिक हिंसा, हत्या, अपहरण, बेपत्ता, आदि हिंसाका प्रमुख रुपमा रहेका छन् । जस अन्तरगत दाइजो, तिलक, बोक्सीको आरोप, घर परिवारबाट विभिन्न मानसिक हिंसा, अनैतिक लान्छन, श्रीमान्बाट यातना, गर्भपतन, बहुविबाह, शारीरिक हिंसा, मानसिक हिंसा, यौन जन्य हिंसा तथा आर्थिक हिंसाहरु पर्दछन् ।

शारीरिक रुपमा कुटपिट गर्ने, चोटपटक लाग्ने, यातना दिने, मानसिक रुपमा अपमान, गाली गलौज गर्ने, डर धम्की देखाउने, त्राशपूर्ण व्यवहार गर्ने पशुवत व्यवहारहरु गर्ने, हतोत्साहित गर्ने, जिस्क्याउने, गैर कानूनी रुपमा नजरवन्द वा थुनामा राख्ने जस्ता कार्यहरु हिंसाका रुपहरु हुन् । त्यस्तै यसका साथै

## जागरण नेपालले यस अवधिमा सम्पन्न गरेका क्रियकलापहरु

### नेतृत्व, विकास र लैङ्गिक सवाल विषयक गोष्ठी




*कार्यक्रमको उद्घाटन गर्नुहुर्दै प्रदेश नं. ३ का माननीय सभामुख सानु कुमार श्रेष्ठः हेटौडा*

जागरण नेपालको समन्वय तथा प्रदेश सचिवालय प्रदेश नं. ३ को आयोजना मा ३ दिने नेतृत्व, विकास र लैङ्गिक सवाल विषयक गोष्ठी हेटौडामा मिति २०७५ श्रावण २५ देखि २७ सम्म सम्पन्न भयो । कार्यक्रममा प्रदेश नं. ३ को स्वास्थ्य, शिक्षा र कृषि समितिका सदस्यहरु सहितका महिला सांसदहरुको सहभागिता रहेको थियो । कार्यक्रमको प्रमुख आथिथ्यता माननीय सभामुख सानु कुमार श्रेष्ठले गर्नुभएको थियो भने विषेश अतिथिको रुपमा माननीय उपसभामुख राधिका तामाङ तथा सामाजिक विकास मन्त्री युवराज दुलाल अतिथिको उपस्थितमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रम उद्घाटनको अवसरमा आयोजित कार्यक्रमको उद्देश्य माथि प्रकास पार्दै जागरण नेपालका संस्थापक अध्यक्ष श्री शर्मिला कार्कीले नागरिक समाज, संस्था सरकारको सहयोगी भुमिकामा रहेको स्पष्ट पार्दै नागरिक समाजसँग भएको श्रोत तथा साधनहरुलाई सरकारले प्रभावकारी ढंगमा सदुपयोग गर्न सके जित जितको अवस्था रहने र त्यस कार्यले सरकार र समाज दुवैलाई समृद्ध नेपालको नारालाई सहयोग पुग्ने कुरा वताउनु भयो ।

तीन दिने उक्त कार्यक्रममा विशेषगरी प्रदेश सरकारको नीति तथा कार्यक्रममा लैङ्गिक सवाल विषयमा छलफल भएको थियो । विभिन्न समसामयिक विषयहरु जस्तै समाज रुपान्तरणमा सांसदले खेल्नु पर्ने भुमिका तथा प्रभावकारी संसद संचालनको लागि सांसदहरुको कार्यगत नीति तथा

यौनजन्य प्रकृतिका दुर्व्यवहार, वैवाहिक बलात्कार, जवरजस्ती यौन व्यवसायमा संलग्न गराउने, छाउपडी, देउकी ,वादी, यौन सन्तुष्टिका लागि गरिने गलत क्रियाकलापहरु पनि हिंसाजन्य क्रियाकलापहरु हुन् ।

## नेपालमा लैङ्गिक हिंसाको वर्तमान अवस्था

महिला तथा बालिका माथि विभिन्न प्रकारका हिंसाका घटनाहरु बढीरहेको संचारका माध्यमहरुबाट सुन्नमा आएका छन् । नेपाल प्रहरी तथा राष्ट्रिय महिला आयोगमा दर्ता भएका उजरीका आधरमा प्रतिदिन घटनाहरु बढीरहेको तथ्याङ्कले देखाउछ ।

आर्थिक वर्ष २०७२/०७३ मा १०८९ महिलाहरु बलात्कृत भएको तथ्याङ्क सार्वजनिक गरेको छ भने आर्थिक वर्ष २०७३/०७४ मा ११३१ वटा बलात्कारका घटना घटेको देखाउछ । त्यसैगरी आ.व. २०७४/०७५ मा १२४४ बलात्कारका घटना घटेको तथ्याङ्कले देखाउछ भने व्यसको दोब्बर बलात्कारका प्रयास भएका छन् । यसरी प्रत्येक वर्ष महिला बलात्कारका घटना घटेको देखिन्छ । यस तथ्याङ्कलाई केलाउँदा हरेक दिन औसत तीन जना महिलाहरु बलात्कृत हुने गरेका छन् । भने हरेक वर्ष १० प्रतिशतका दरले बलात्कारका घटनाहरु बृद्धि भइरहेका छन् भने दोब्बर बलात्कार प्रयासका घटना बढीरहेको देखाउँछन् । (नयाँ पत्रिका दैनिक तथा नेपाल प्रहरीको तथ्याङ्क)

महिला हिंसाको सन्दर्भमा ओरेक नेपालले गरेको पछिल्लो आ.व. २०७४ को सर्वेक्षणको आधारमा विभिन्न प्रकारका हिंसाहरु मध्ये सबै भन्दा बढी हिंस घरेलु हिंसा हुने देखाएको छ । त्यसमा महिलाहरु आफ्नै श्रीमानबाट ८० प्रतिशत र अन्य परिवारका सदस्य एवम् व्यक्तिहरुबाट करीव २० प्रतिशत पीडित भएको बताइएकको छ । यसरी हिंसाका घटनामा महिलाहरु ज्यादै प्रताडित हुनु परेको अवस्था छ ।

२०७५ असार १५ देखि यता १ महिनाको अवधिमा मात्र २३ बटा बलात्कारका घटनाहरु भएका र जसमा बालिका, किशोर तथा वृद्ध महिलाहरु समेत परेका छन् जसमध्ये बलात्कार पछि ४ जना बालिकाको हत्या भएको विभिन्न संचार माध्यमहरुले जनाएका छन् । यसरी दिनप्रतिदिन महिला, बालिका तथा बृद्धआमाहरु बलात्कारको सिकार हुनु परेबाट महिलाहरुमाथि असुरक्षा र त्रासदिको वातावरण भने झन बढ्दै गएको देखिन्छ । आफ्नो घरमै र घरबाहिर निस्किए पछि खेतबारी मेलापात, कार्यलय जाँदा होस् या विद्यालय जादा जतातते यौन हिंसा र बलात्कारको त्रासले आतंकको वातावरण भएबाट महिलाहरु सुरक्षित छैनन् र कसरी सुरक्षित रहन सक्छन् भन्ने विषयमा सरोकारबालाहरुबीच निरन्तर छलफल बहस भइरहेतापनि महिला हिंसाका घटना घटने क्रममा देखिदैन ।

## हिंसा बढ्दै जानुका मुख्य कारणहरु

अराजक स्थिति, शिक्षा चेतनाको अभाव, कमजोर सरकारीतन्त्र मदिराजन्य पदार्थको खुल्ला विक्री वितरण, लागु औषतको प्रयोग, विज्ञापन, सर्कस, इन्टर नेटमा राखिएका यौन जन्य क्रियाकलाप संग सम्वन्धि साइटहरु र यसका प्रयोग कर्ताहरुमा बृद्धि विभिन्न संचारक माध्यमहरु यू ट्युव, सामाजिक सञ्जालहरुमा आएका विकृतिहरु, पारीवारिक वेमेल, बहुविवाह, बाल विवाह, अन्तरजातीय विवाहका कारण विचार भावना संस्कृतिमा मिलन नहुनु र रुप सौन्दर्य र धनसम्पत्तिको प्रलोभनमा परेर पनि हिंसाका घटनाहरु बढी रहेका छन् ।

नेपाली महिलाहरुको हिंसा सहने वानी, पारिवारिक, सामाजिक डरले दूषित क्रियाकलापहरु बाहिर निस्कन नसक्दा हिंसात्मक कार्यहरु अझ बढ्दै गएका

आगामी कार्ययोजनाहरुको विषयमा समेत छलफल गरिएको थियो ।



*तालिम कार्यक्रममा सहभागी प्रदेश नं. ३ का माननीय महिला सभा सदस्यहरू सहित सहजकर्ता र अन्य अतिथिहरूः हेटौडा*

कार्यक्रमलाई विषयअन्तर सहजिकरणको लागि प्रदेशको नीति तथा कार्यक्रममा लैङ्गिक वजेटको सवालमा प्रदेश नं.३ का अर्थ सचिव श्री केवल भण्डारी, सामाजिक रुपान्तरणमा सभासदको भूमिका विषयमा प्रदेश नं. ३ का प्रमुख सचिव रेश्मिराज पाण्डे, तनाव व्यावस्थापनमा माननिय सभामुख सानु कुमार श्रेष्ठ, सवालको पहिचान र वकालतमा नेतृत्वले खेल्नु पर्ने भूमिका विषयमा शर्मिला कार्की, महिला सांसदको अवसर चुनौती र भावी रणनीति विषयमा डा. विन्दा पाण्डे प्रतिनिधि सभा सदस्य, संसदीय अभ्यास र प्रादेशिक नीति निर्माणमा सभा सदस्यको भूमिका विषयमा पूर्व सचिव मुकुन्द शर्मा, सञ्चार माध्यममा महिला नेतृत्वको पहुँच विषयमा पत्रकार विजय पौडेलले सहजिकरण गर्नुभएको थियो ।

कार्यक्रमको वारेमा प्रदेश नं. ३ सभामुख सानुकुमार श्रेष्ठले यस कार्यक्रमको प्रदेश सरकारले आवश्यकता महसुस शुरुका दिन देखि गरिरहेको साथै सभा सदस्यहरुले समेत यस प्रकारको कार्यक्रमको माग गरिरहेको तर विभिन्न कारणले गर्न नसकिरहेको अवस्थामा जागरण नेपालले यो गोष्ठी गर्नका लागि समन्वय गरि प्राविधिक समयोग उपलव्ध गराएकोमा विशेष धन्यवाद दिनुभयो । त्यसैगरि गोष्ठीमा उपस्थित सभा सदस्यहरुले कार्यक्रम समसामयिक र आवश्यक रहेको भन्दै कार्यक्रममा छलफल भएको विषयले आगामी दिनमा संसदमा प्रभावकारी भूमिका खेल्ने सहयोग गर्ने विश्वास व्याक्त गर्नुभएको थियो । कार्यक्रममा प्रदेश ३ का महिला सांसद सहित ४० जनाको उपस्थिति रहेको थियो भने उक्त कार्यक्रमको लागि इहाक नेपाल कद्वारा आर्थिक सहयोग प्रदान गरिएको थियो । स्थानीय संस्थाको रुपमा नारी सीप सृजना केन्द्रले समन्वयकारी भूमिका निर्वाह गरेको थियो ।

छन् । नेपाली समाजमा पुरुषहरु सधैं उच्च स्थानमा रहने र महिलाहरुको परिश्रम कामको संवेदनशीलता र प्रजनन् स्वास्थ्यका उत्पादन मूलक भूमिका स्वीकार गर्न नसक्दा महिला यौन चाहना पूरा गराउने साधन, घरको काममा सहयोग गर्ने तथा निःशुल्क सहयोगीको रुपमा हेर्ने परम्परा कायम नै छ । विभिन्न प्रकारका पीडा सहन नसकी कानूनी बाटो रोज्दा पनि उचित समयमा उचित न्याय प्राप्त गर्न नसक्दा अर्को पीडा हुने र अपराधी अपराध गर्न झन उत्साहित हुने गरेको पाइन्छ । युवा रोजगारको व्यवस्था नहुनु र पुरुषहरु वैदेशिक रोजगारमा जाँदा घरमा महिलाहरु विभिन्न प्रकारका हिंसामा परेको अवस्थाहरु ज्यादै पीडादायक छन् ।

## लैङ्गिक हिंसा न्यूनिकारणका निमित्त भएका प्रयासहरु

सरकारी तथा गैर सरकारी निकायहरुबाट लैङ्गिक हिंसा अन्त्यका लागि विभिन्न अभियान र सचेतनाका कार्यक्रमहरु सञ्चालन हुने गरेका छन् भने लैङ्गिक हिंसा अन्त्यका लागि विभिन्न कानुनहरु निर्माण भई कार्यान्वयनमा समेत आएका छन् ।

नेपालको संविधान, (२०७२) ले शारीरिक, मानशिक तथा महिला विरुद्ध हुने कुनै पनि प्रकारको हिंसाजन्य कार्यलाई निषेध गर्छ र यस्ता किसिमका क्रियाकलापहरु कानुनद्धारा दण्डनीय हुनेछ भनी धारा ३८ को उपधारा ३ मा उल्लेख गरेको छ । त्यस्तै यसले महिलाको अधिकार, उनीहरुको स्वास्थ्य तथा प्रजननको अधिकारलाई पनि आधारभुत अधिकारको रुपमा व्याख्या गरेको पाइन्छ । यतिमात्र नभई संविधानले समानताको अधिकारलाई आधारभुत अधिकारको रुपमा पनि व्याख्या गरेको छ । संविधानले सबै नागरिकहरु कानुनको नजरमा समान हुनेछन भनी धारा १८ उपधारा १ मा उल्लेख गरेको छ ।

घरेलु हिंसा (कसुर सजाय) ऐन २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ मा समेत प्रत्यक्ष/अप्रत्यक्ष रुपमा महिला अधिकार सम्वन्धि व्यवस्था गरेको देखिन्छ । महिला अधिकार सम्वन्धी प्रावधानहरु कार्यान्वयनका लागि सरकारी संयन्त्रको साथमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगाएतका संवैधानिक संयन्त्रहरु स्थापना गरि क्रियाशील रहदै आएका छन ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र तथा प्रतिष्ठा र अधिकारमा समान हुन्छन भन्ने उल्लेख गरिएको छ । सोही घोषणापत्रको धारा २ मा सबै अधिकार बिना लैङ्गिक विभेद सबैलाई समान रुपमा प्राप्त हुने कुरामा जोड दिइएको छ ।
नागरिक तथा राजनीतिक अधिकार सम्वन्धि अनुबन्ध, १९६६ को धारा २ र ३ ले पक्ष राष्ट्रहरुलाई अनुबन्धमा उल्लेख अधिकार बिना लैङ्गिक बिभेद सम्मान र सुनिश्चित गर्न राज्यपक्षलाई निर्देशन गरेका छन् ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तराष्ट्रिय महासन्धि, १९७८ ले लैङ्गिक विभेद अन्त्य गर्न राष्ट्रिय कानुनमा महिला अधिकारको संरक्षण गर्न, राष्ट्रिय कानुनमा रहेका विभेदकारी व्यवस्थाहरु खारेज गर्न र महिला अधिकारको संरक्षण र संवर्द्धन गर्नका लागि नयाँ कानुनहरुको निर्माण गर्न तथा महिला अधिकारको प्रभावकारी संरक्षणका लागि राष्ट्रिय संयन्त्रको निर्माण गर्न समेत राज्य पक्षको दायित्व निर्धारण गरेको छ ।

महिलाको राजनीतिक अधिकार सम्वन्धि महासन्धि, १९५२ को धारा २ ले महिलालाई पुरुष सरह राजनीतिक अधिकार प्रदान गर्दै मतदान गर्न पाउने,

## त्रैमासिक बैठक सम्पन्नः



*त्रैमासिक बैठकमा सहभागी हुँदै महिला सशक्तिकरण समुदका सदस्यहरू : मोरङ्ग*

जागरण नेपालको आयोजनामा महिलाहरु बिशेषगरि सिमान्तकृत समुदायको स्थानीय सुसाशन ,निर्वाचन,निर्णायक तह र राजनीतिमा सहभागिता सवलीकरण परियोजना ९क्ःब्च्क्ष्इ) अन्तर्गत त्रैमासिक रुपमा गरिने महिला समुहको बैठक सुन्दर हरैचा, बुढिगंगा, कटहरी र जहदा गाउँपालिकामा छुट्टाछुट्टै रुपमा सम्पन्न भयो । आगामी भाद्र १ बाट लाग हुने मुलुकी देबानी संहिता ऐन २०७४ का ब्यबस्थाका बारेमा जानकारी गराउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो । स्थानीय महिला समुह सदस्यहरुको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा मुलुकी ऐन २०२० लाई प्रतिस्थापन हुदै लागुहुने मुलुकी देवानी संहिता र यसमा समावेश गरिएका विषयहरुका बारेमा जानकारी गराइएको थियो । सो अवसरमा देवानी संहिता अन्तरगत समावेश गरिएका कानुनले महिलाका विषयमा समेटिएका सवाललाई विश्लेषण गर्दै यसका फाइद बेफाइदा आगामी दिनमा कानुन कार्यन्वयनका लागि स्थानीय तहले अपनाउनु पर्ने रणनीतिका विषयका बारेमा समेत छलफल गरिएको थियो ।

कार्यक्रमका सहभागीहरुले कार्यक्रम अत्यन्तै राम्रो र समय सान्दर्भिक भन्दै यस विषयमा सबै महिलाहरुलाई जानकारी आवश्यक भएकाले टोलटोलमा नयाँ कानुन र यसका विशेषताका बारेमा जानकारी गराउन अनुरोध गरेका थिए ।

## जिल्ला स्तरीय परियोजना सल्लाहकार समितिको बैठक सम्पन्न



*जिल्ला स्तरीय परियोजना सल्लाहकार मितिको बैठकः मोरङ्ग*

निर्वाचित हुन पाउने, सार्वजनिक पद धारण गर्न पाउने लगायतका अधिकारको सुनिश्चितता गरेको देखिन्छ ।

महिला हिंसा अन्त्यकै लागि फौजदारी संहिता भित्र समेटिएका महिला मैत्री कानुनहरुमा बहुविवाहको वदर हुने र कैद सजायाँमा थप व्यवस्था, छाउपडीलाई निरुत्साहित गर्न ल्याइएको कानुन, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार ऐन, समान कामको समान ज्याला), लैङ्गिक समानता कायम गर्ने केही नेपाल कानुन संशोधन गर्ने ऐन २०६३, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४, नियमावली २०६५, घरेलु हिंसा (कसुर सजायाँ) ऐन २०६६, नियमावली २०६७, वैदेशिक रोजगार ऐन, २०६४, तथा नियमावली, २०६५, छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४, श्रमजीवी महिलाहरु प्रति डान्स रेष्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५, कार्यस्थालमा हुने यौनजन्न दुर्व्यवहारलाई निवारण गर्ने सम्वन्धमा व्यवस्थागर्न बनेको ऐन २०७१, बोक्सी सम्बन्धी कसुर र सजायाँका सम्वन्धमा व्यवस्थागर्न बनेको ऐन, २०७१ सहित अन्य अदालतका विभिन्न आदेशहरु समेत रहेका छन् । यति धेरै ऐन, कानुन, नियम, नियम र नियमावली बनिएता पनि लैङ्गिक हिंसा न्युनिकरणमा खासै सहयोग पुगेको देखिदैन । त्यसको लागि प्रतिवद्ध भएर उक्त कानुनको कार्यान्वयन आजको आवश्यकता हो ।

## नेपालमा महिलाहरुको स्थिति

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम यूएनडीपीले सन् २०१७ मा सार्वजनिक गरेको मानव विकास प्रतिवेदनमा उल्लेख गरिएअनुसार नेपाल १ सय ४४ औं स्थानमा रहेको छ । यद्यपि नेपाल लैङ्गिक समानता सुचक अनुपातको दृष्टिले भने खासै उपलब्धी हुन नसकेको अवस्था व्यवहारिक जीवनमा समेत देख्न सकिन्छ । ५१.५ प्रतिशत महिला जनसंख्याले ओगटेको नेपालमा ५७.४ प्रतिशत महिलाहरु मात्र साक्षर रहेको देखिन्छ । यसबाट पनि के स्पष्ट हुन्छ भने नेपालमा घरेलु हिंसा बृद्धि हुनुमा अशिक्षाले पनि केही भूमिका खेलेको प्रष्ट हुन्छ ।

महिलाहरु आर्थिक रुपले अनुत्पादन मूलक कार्यमा क्रियाशील रहेका र उनीहरु ४५.२ प्रतिशत मात्र आर्थिक गतिबिधीमा संलग्न भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । पुरुषको तुलनामा महिलाहरु बढी काम गरेता पनि घरायसी काम तथा बाहिरका कामहरुमा महिलाहरुले श्रमको उचित मूल्याङ्कन पाइरहेका छैनन् भने अर्कातिर दैनिकी उस्तै काम र उस्तै श्रमको मूल्य प्राप्त गर्ने श्रमिकहरुमाथि पनि लिङ्गको आधारमा भेदभाव गर्ने गरेको तथ्य सबैका सामु उजागृत छ ।

नेपालमा ६६ प्रतिशत महिलाहरुले मौखिक दुरर्व्यवहार तथा ३३ प्रतिशत महिलाहरुले संवेगात्मक दुरर्व्यवहार खेपिरहेका छन जसमा ७७ प्रतिशत दुरर्व्यहार स्वयंम आफ्नै परिवारबाट भएको तथ्य सन् २००१ को UNICEF को प्रतिवेदनमा उल्लेख छ भने ५४ प्रतिशत दुर्व्यवहार आफ्नै श्रीमानबाट हुने तथ्य समेत ओरेक नेपालको महिला माथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन प्रतिवेदन "अन्वेषी"मा उल्लेख छ । यसबाट महिलाहरु आफ्नै घर र श्रीमानबाट असुरक्षित छन भन्ने प्रमाणित हुन्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार पाँच जना महिलाहरु मध्ये हरेक १ जना आफ्नो जीवनकाल भरी शारीरिक तथा यौन हिंसाको शिकार बन्नुका साथै तीन भागमा १ भाग महिलाहरु आफ्नै श्रीमान, बाबु, छिमेकीहरु तथा साथीहरुबाट खतरामा परेको तथ्य (An Overview The Free Library) मा उल्लेख छ । यसबाट पनि थप के प्रष्ट हुन्छ भने, नेपालमा महिला माथि हिंसा व्यपक भएता पनि दण्डहीनता चरम अवस्थामा पुगेको देखिन्छ ।

जागरण नेपालको आयोजनामा मोरङ्ग जिल्लाको विराटनगरमा महिलाहरु विशेषगरी सिमान्तकृत समुदायको स्थानीय सुशासन, निर्वाचन, निर्णायक तह र राजनीतिमा सहभागिता सवलीकरण परियोजना अन्तरगत परियोजना सल्लाहकार समितिको बैठक सम्पन्न भयो ।

जिल्ला समन्वय समितिका प्रमुख, सहायक स्थानीय विकास अधिकारी, प्रमुख जिल्ला विकास अधिकारी, जिल्ला विकास अधिकारी, साकाजिक विकास अधिकारी उद्योग, बाणिज्य, जिल्ला प्रहरी प्रशासन लगाएत जिल्ला तहका प्रमुख तथा प्रहरीहरुको सहभागीता रहेको थियो ।

कार्यक्रममा परियोजनाका गतिविधिहरु र यसका उपलब्धी, चुनौती र सिकाइका बारेमा परियोजना अधिकृत बेदकुमार खत्रीले जानकारी गराउनु भएको थियो । सल्लाहकारहरुबाट महत्वपूर्ण उपलब्धी प्राप्त हुदाहुदै पनि कतिपय ग्यापहरु रहेका ती पुरा गर्नका लागि आफ्नो तर्फबाट पनि महत्वपूर्ण भूमिका निभाउन सक्ने प्रतिवद्धता राख्नु भएको थियो । त्यसैगरी सम्पूर्ण सल्लाहकारहरुबाट परियोजनालाई सफल र सवल बनाउन आफुहरु लागि पर्ने विचार पनि राख्नु भएको थियो ।

## वडा स्तरिय परामर्श कार्याशाला गोष्ठी



*उत्प्रेरण बैठकका सहभागीहरुः झापा*



*उत्प्रेरण बैठकका सहभागीहरु मोरङ्ग*

## निष्कर्ष

विश्वमा महिला हिंसा विरुद्ध अभियानकै रुपमा लडाई चलिरहेको अवस्थामा नेपालमा भने महिला हिंसा त्यसमा पनि विशेषगरी बलात्कारका घटना बढोत्तरी रुपमा रहेको पाइन्छ। बलात्कार अत्यन्तै घृणित र जघन्य अपराध हो। यस्ता अपराधिलाई दिइने कुनै पनि दण्ड सजाया कम हुन्छ। महिलाहरू अनेक किसिमका हिंसाबाट पीडित छन् । उनीहरूलाई सामाजिक कुरीतिहरूले धेरै ठाउँमा सीमान्तीकृत तुल्याइराखेका छन् । परम्परागत सोच र पितृसतात्मक समाजकाक कारण विभिन्न कुसंस्कारहरूले जीवनमार्गमा अगाडि बढ्न निरन्तर तगारा तेर्स्याइरहेका छन्। केही सीमित महिलाले अवसर पाएका छन् भने अन्य सबै अवसरबाट बञ्चित छन् । परम्परागत शास्त्रीय सूत्र महिलाहरू 'सानो छँदा पिताको अधीन, ठूलो हुँदा पतिको अधीन र वृद्ध बनेपछि पुत्रको अधीन' रहनुपर्ने अवधारणा अहिले पनि विद्यमान छँदैछ। महिलालाई शिक्षाको क्षेत्रमा पनि पछाडि पारिएरको छ । उनीहरू धेरै ठाउँमा परिवारमै बसेर भाइबहिनी हेर्नुपर्ने, दाजुभाइका लागि आफ्नो पढाइ-लेखाइ त्याग्नुपर्ने, पारिवारिक काममै बढी व्यस्त भइरहनु पर्ने, आफ्नो क्षमता अनुसार विकासका अवसर उपयोग गर्न नपाउने आदि अनेक दुरुह अवस्था भोग्दै जीवन बिताउन बाध्य छन् । यस्तो परम्परागत समाजमा लैंगिक हिंसा र असमानता विरुद्धका अभियानले खासै परिवर्तन ल्याउन सकेका छैनन् ।

यसरी नेपाली समाजमा विभिन्न बहानामा महिला हिंसालाई बढाउदै कलंक लगाइरहेका छन् । सामाजिक मान्यता र सोचमा आएको विचलन, छाडापन नै बलात्ककारका घटना बढ्नुको प्रमुख कारण रहेका छन् । त्यसैगरी फिलतो कानुन र त्यसको सही कार्यान्वयनको अभाव समेत हिंसाका घटना बढाउने कारक हुनसक्छ ।

दिनानुदिन नयाँ नयाँ हिंसाका प्रकृतिहरु र तरिकाहरु चुनौतीको रुपमा आइरहेका छन्। हिंसा अन्त्यका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट विभिन्न पहलहरु भएता पनि अपेक्षा गरे अनुसारको परिणाम आउन सकेको छैन भने हिंसा अन्त्यका लागि कानुनहरु बनेता पनि त्यसको सही कार्यान्वयनको अभावमा महिलाहरु प्रभावित भएका छन् । जसले गर्दा महिलाको जीवनमा अपेक्षाकृत परिवर्तन आउन सकेको छन् । तसर्थ बनेका कानुनहरुको सही कार्यान्वयन र आावश्यक कानुनहरुको निर्माण गर्दै महिला मैत्री नीतिहरुको निर्माण र त्यसको प्रभावकारी कार्यन्वयनलाई ध्यान दिन र महिला माथि हुने हिंसाको अन्त्यका लागि सम्पूर्ण महिला अधिकार, मानवअधिकारका क्षेत्रमा क्रियाशिल संघसंस्था तथा नागरिक समाजका अगुवाहरु समेत संवेदनशिल र सजग रहनु आवश्यक छ ।

## आगामी पहल

कुनै पनि हिंसात्मक क्रियाकलापले परिवार समाज र विकामा प्रत्यक्ष असर पार्ने भएकोले हिंसा अन्त्यका लागि हामी सबै एकजुट हुनु आवश्यक छ । नेपाली समाजमा व्याप्त पुरुष मानसिकतामा सकारात्मक परिवर्तन हुनु पर्दछ। महिलाहरुको श्रम, विनयशीलता, शहनशीलता, लगनशील मेहनती गुणको कदर गरिनु पर्दछ। महिलाहरुलाई शिक्षा चेतना दिनुको साथै विद्यालय स्तरदेखि नै महिलामैत्री पाठ्यक्रम निर्माण गरिनु पर्दछ । देशमा कानून बनाएर मात्रै हुँदैन, कार्यान्वयन पक्ष बलियो हुनुपर्दछ। कानून सबैका लागि समान हुनुपर्दछ भनसुनका आधारमा गरिने निर्णयहरुको अन्त्य गर्नुपर्दछ ।

महिला हिंसा र अपमान गर्ने, यौन दुराचार गर्नेहरुलाई कडाभन्दा कडा सजायको व्यवस्था गरिनुपर्दछ। समाजमा प्रत्यक्ष असर पर्ने संचार माध्यमहरु, यू ट्युव, सामाजिक संजाल, गीत नाच आदि सेन्सर गरेर मात्र प्रदर्शन गर्न

महिलाहरु विशेषगरी सिमान्तिकृत समुदायका स्थानीय सुशासन, निर्वाचन, निर्णायक तह र राजनीतिमा सहभागिता सवलीकरण परियोजना अन्तगत स्थानीय तहवाट प्रवाह गरिने सेवाहरुको बारेमा स्थानिय महिलाहरुलाई सुसुचित गरि सेवामा पहुँच वृद्धि गर्ने उद्धेश्यले परियोजना संचालन भएका ६ जिल्ला (ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, मोरङ्ग र काभ्रे) का परियोजना संचालन भएका सबै गाउपालिकाहरुमा छुट्टाछुट्टै रुपमा महिला सशक्तिकरण समुहहरुको १ दिने वडा स्तरिय परामर्श कार्यशाला गोष्ठी आयोजना गरियो । यी गोष्ठीहरुमा प्रत्येक गाउ/नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकिय अधिकृत, नगर उप प्रमुख, गा.पा.अध्यक्ष र उपाध्यक्ष एवं प्रतिनिधि तथा वडा अध्यक्षज्यूहरु वाट वडा समितिको काम, कर्तव्य र अधिकार एवं प्रवाह गरिने सेवा वारे जानकारी गराईयो। गोष्ठीमा वजेट विनियोजन र योजना तर्जुमाका चरणहरु र प्रक्रियाका बारेमा समेत स्पष्ट पारिएको थियो । यस्ता गोष्ठीहरुले सिमान्तकृत समुदायको स्थानिय श्रोतहरुमा पहुँच पुग्न सहयोग गर्ने विभिन्न व्यक्तिहरुवाट विचार व्यक्त गरियो ।

## स्थानीय तहका सेवा प्रदायक र सरोकारवाल बीच समन्वयात्मक कार्यक्रम सम्पन्न



*स्थानीय तमका सेवा प्रदायक र सरोकारवालाबीच छलफल कार्यक्रमका सहभागीहरूः मोरग*

जागरण नेपालको आयोजनामा स्थानीय तहका सेवा प्रदायक र सरोकारवाला संघ संस्था बीच समन्वय गर्ने कार्यक्रम सम्पन्न भयो । सरकार र सेवा प्रदायक अगंहरु शिक्षा, स्वास्थ, कृषि तथा उधोग आदिबाट प्रदान गरिने अधिकार र सेवाहरुका बारेमा वकालत गर्ने र आर्थिक संघ संस्था, सहकारी, उद्यमी आदिले जीवन यापनका अवसरमा पहुँच बढाउने उद्धेश्यका साथ करिब २५ जना सहभागीहरु बीच उत्त कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा जिल्ला समन्वय समिति मोरङ्गका सरोज गौतम, शिक्षा बिकास तथा समन्वय ईकाईबाट दिव्यराज कट्टेल, स्वास्थ क्षेत्रका एपोलो कुमार भगत, कृषिविकास बाट नवराज मैनाली, उद्योग संगठन महिला उद्यमी समिति सचिब रीता पोखरेल र लघुबित्तका तर्फ बाट राजु श्रेष्ठले आ आफना संस्थाबाट दिईने सेवा तथा सुबिधा र नीति तथा कार्यक्रमका बारेमा जानकारी

दिनुपर्दछ। समाजमा विकृति ल्याउने किसिमका भिडियो, चलचित्रहरु प्रतिबन्ध गरिनुपर्दछ । आधुनिकताका नाममा पाश्चात्य मुलुकबाट भित्रिएको अर्धनग्न फेशन यौन व्यवहार आदि नियन्त्रण हुनुपर्दछ।

मदिराजन्य पदार्थहरु र लागुपदार्थ सेवनका कारण अधिकांश हिंसाजन्य घटनाहरु घटेको देखिएकोले यस्ता पदार्थ विरुद्ध जनचेतना फैलाउने र विक्री वितरणमा सरकारी निकायबाट नै प्रतिबन्ध गरिनु पर्दछ। सामाजिक, साँस्कृतिक धार्मिक अन्धविश्वासी परम्पराका कारण छाउपडी बोक्सी, झुमा, देउकी आदिका नाममा महिला माथि भएका विकृति विसंगतिको अन्त्य गरिनु पर्दछ।

वैदेशिक रोजगारको अन्त्य गरी देशमा रोजगारको व्यवस्था गर्ने, सरकारी नीति निर्माण तहमा महिला प्रतिनिधित्वको व्यवस्था गर्ने, प्रत्येक परिवारमा महिलाहरुलाई सम्मानजनक व्यवहार गर्न सिकाउने किसिमका नैतिक शिक्षा दिने र अनुशासन सिकाउने सकेमा यस्ता समस्याहरु कम गराउन सकिन्छ।

त्यसैले सरकारले हिंसा अन्त्यका लागि अनुशासित समाज निर्माण गराउनुपर्दछ भने प्रत्येक महिलाहरुले आफ्नो हक अधिकार र कर्तव्य के हो - कसरी हिंसा जन्य क्रियाकलापबाट जोगिन सकिन्छ भन्ने बारे शिक्षित, चेतनशील, सभ्य र अनुशासित हुनु आवश्यक छ। यसका लागि समग्र दायित्व वोकेको सरकारले कडा भन्दा कडानीति नीयम बनाई प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ भने अन्य गैरसरकारी संघ संस्था, नागरिक समाजले पनि सरकारलाई सघाउने खालका गतिविधि तथा अभियानहरु व्यापक रुपमा सञ्चालन गर्नु आजको अवश्यकता देखिएकोछ।

दिनुभयो । कार्यक्रममा यस परियोजनाका सीप बिकासमा प्रत्यक्ष लाभांवित महिलाहरुको सहभागिता थियो ।

सहभागी महिलाहरुले कार्यक्रम अत्यन्तै लाभदायक भएको भन्दै स्थानीय तहले उपलब्ध गराउने सेवा/सुविधाका बारेमा जानकारी पाई आगामी दिनमा यसको लाभ लिन सहयोग पुर्याएको विचार राख्नु भएको थियो ।

## थप जानकारीका लागि

*www .jagarannepal .org*
मा अवलोकन गरी सल्लाह सुझावका लागि
*info@jagarannepal .org*
मा सम्पर्क गर्नुहोल

## सम्पादक मण्डल

सल्लाहकार : शर्मिला कार्की
संयोजकन : मिना विष्ट
संपादन : दिपक बस्याल
लेखन : अहिल्या अधिकारी
डिजाइन : द क्रिएसन


# जागरण नेपाल

सिद्धार्थ मार्ग, अनामनग
फोन : ०१-४२१९४३९, फ्याक्स : ०१-४२४७२९७, पो.व.नं. : १९४८७
ईमेल : info@jagarannepal .org, वेवसाइट : www .jagarannepal .org